प.सं. च.नं./Ref:

मिति २०८२/०६/३१

नेपाल सम्वत् ११४५ कौलागा ११ शुक्रवार

## प्रेस विज्ञप्ति

राष्ट्रपति भवन शीतलनिवासमा आज आयोजित कार्यक्रममा नेपालको संविधानको धारा २९४ बमोजिम निर्वाचन आयोगले वि.सं. २०८१ साल साउन १ गतेदेखि २०८२ साल असार मसान्तसम्म सम्पादन गरेका मुख्य काम कारवाही र उपलब्धि समावेश गरिएको उन्नाइसौं वार्षिक प्रतिवेदन आयोगका माननीय कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीज्यूले सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्नुभएको छ।

सो अवसरमा सम्माननीय राष्ट्रपतिज्यूले आर्थिक वर्ष २०८१/८२ मा आयोगले सम्पादन गरेका कामका लागि धन्यवाद व्यक्त गर्दै, संवत् २०८२ फागुन २१ मा सम्पन्न हुन गइरहेको प्रतिनिधि सभा सदस्य निर्वाचन समेत सफलतापूर्वक सम्पन्न गर्ने विश्वास व्यक्त गर्नु भएको छ।

आयोगको उन्नाइसौं वार्षिक प्रतिवेदन पेश गर्नुहुँदै आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीज्यूले आर्थिक वर्ष २०८१/८२ मा आयोगले मतदाता नामावली दर्ता तथा अद्यावधिक, स्थानीय तहका रिक्त ४४ पदमा उपनिर्वाचन, मतदाता शिक्षा र तालिम संचालन, राजनीतिक दल दर्ता र अद्यावधिक गरेको एवम् आयोगको कानूनी, संस्थागत तथा प्रणालीगत सुधारका लागि चौथो पञ्चवर्षीय रणनीतिक योजना स्वीकृत गरी कार्यान्वयन गरिएको बताउँदै प्रतिनिधि सभा सदस्य निर्वाचन,२०८२ सम्पन्न गर्ने लगायत आयोगले सम्पादन गर्ने कार्यमा राजनीतिक दल र सवै सरोकारवालाको सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो।

उक्त कार्यक्रममा माननीय निर्वाचन आयुक्तद्वय डा. जानकी कुमारी तुलाधर र सगुन सम्शेर ज.ब.रा. तथा आयोगका सचिव माहादेव पन्थ र सम्माननीय राष्ट्रपतिज्यूका विज्ञ सल्लाहकारज्यूहरू एवम् राष्ट्रपति कार्यालयका सचिव डा. दिपक काफ्लेको उपस्थिति रहेको थियो।

(नारायण प्रसाद भट्टराई)
सहसचिव तथा प्रवक्ता



कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३। फ्याक्सः (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np


Scanned with CamScanner